नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था
गरिमा क्यापिटल लिमिटेड
Garima Capital Limited
(A Subsidiary of GARIMA BIKAS BANK LIMITED)
समृद्धिको सारथी

Kathmandu-1
Kamalpokhari, Nepal
+977-014529149/50, 01-5970175
info@garimacapital.com
www.garimacapital.com

प्रेस विज्ञप्ति

असोज २९, २०८३

# गरिमा क्यापिटल लिमिटेड र सभापोखरी हाइड्रोपावर लिमिटेड बीच प्रत्याभूतिकर्ता नियुक्ति सम्बन्धी सम्झौता सम्बन्धमा ।

गरिमा क्यापिटल लिमिटेड र सभापोखरी हाइड्रोपावर लिमिटेडबीच मिति २०८३ साल असोज २८ गते बुधवारका दिन प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) को प्रत्याभूति (Underwriting) सम्बन्धी सम्झौता सम्पन्न भएको व्यहोरा सम्पूर्ण सरोकारवालाहरूमा सहर्ष जानकारी गराउँदछौं। सम्झौता अनुसार सभापोखरी हाइड्रोपावर लिमिटेडले सर्वसाधारणमा निष्कासन गर्न लागेको कुल १०,७५,००० (दश लाख पचहत्तर हजार) कित्ता साधारण शेयर, प्रति कित्ता रु. १०० का दरले हुन आउने कुल रु. १०,७५,००,०००/- (अक्षरेपी: दश करोड पचहत्तर लाख रुपैयाँ मात्र) बराबरको प्रत्याभूति गरिमा क्यापिटल लिमिटेडले गर्नेछ।

गरिमा क्यापिटल लिमिटेडको कमलपोखरीस्थित प्रधान कार्यालयमा आयोजित कार्यक्रममा गरिमा क्यापिटल लिमिटेडका तर्फबाट कार्यवाहक प्रमुख कार्यकारी अधिकृत श्री अशोक सुवेदी र सभापोखरी हाइड्रोपावर लिमिटेडका तर्फबाट प्रबन्ध निर्देशक श्री श्रीराम देवकोटाले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो।

सभापोखरी हाइड्रोपावर लिमिटेडद्वारा सञ्चालित आयोजना संखुवासभा जिल्लाको सभापोखरी गाउँपालिका वडा नं. ३ मा अवस्थित ५ मेगावाट क्षमताको लंखुवा खोला साना जलविद्युत आयोजना हो। उक्त आयोजना २०८१ माघमा निर्माण सम्पन्न भई ३३ केभी प्रसारण लाइनमार्फत टुम्लिङटार सबस्टेशन हुँदै राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ।

गरिमा विकास बैंक लिमिटेडको सहायक कम्पनी गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर हो। यस संस्थाले लगानी व्यवस्थापन सेवा (Portfolio Management Services — PMS), निक्षेप सदस्य सेवा (Depository Participant — डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी), धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति (Underwriting) सेवा, गरिमा म्युचूअल फण्ड व्यवस्थापन सहित डिपोजिटरी सेवा, धितोपत्र शेयर रजिस्ट्रेशन तथा संस्थागत परामर्शलगायतका सेवामार्फत पूँजी बजारमा आफ्नो उपस्थिति स्थापित गरेको छ।

गरिमा क्यापिटल लिमिटेडका सम्पूर्ण सेवाहरू ग्राहकसमक्ष पुऱ्याउन गरिमा विकास बैंक लिमिटेडका शाखा कार्यालयहरूबाट सहजीकरण हुँदै आएको छ। आफ्ना सेवाहरूलाई अझ परिष्कृत र ग्राहकमैत्री रूपमा प्रवाह गर्न विभिन्न नवीनतम प्रविधिको प्रयोग गर्दै अगाडि बढ्ने प्रतिबद्धता यस संस्थाले व्यक्त गर्दछ।

..................................

**अशोक सुवेदी**
कार्यवाहक प्रमुख कार्यकारी अधिकृत
गरिमा क्यापिटल लिमिटेड